"स्वच्छ,सुन्दर र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## २ नं.प्रदेश,नेपाल

**गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न गरिएको सूचना ।**

**प्रकाशित मिति २०७८/०७/०७**

यस लालबन्दी नगरपालिका अर्न्तगत आ.व.२०७८/०७९ मा गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत नयाँ लघु उद्यमी सृजना ९० जना र स्तरउन्नती तर्फ ५० जना उद्यमीहरु लाई सीप विकास तालिमहरु संचालन गर्नु पर्ने भएकोले प्रतिस्प्रर्धा बाट योग्यताको आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्था,गैरसरकारी संस्था फर्म वा कम्पनी बाट कार्यक्रम संचालन गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा लालवन्दी नगरपालिकामा सुचिकृत भएको संस्था मार्फत रितपुर्वक आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आर्थिक तथा प्राविधिक प्रस्ताव पत्रको ढाँचा यस कार्यालय बाट रु १५००/- को रसिद काटि उपलव्ध हुने छ ।

**शर्तहरु**

१. आर्थिक तथा प्राविधिक प्रस्तावको निम्ननुसारको कागजत तथा प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

क. संस्था (व्यवसाय विकास प्रदायक संस्था ,गैर सरकारी संस्था, प्राईभेट वा साझेदारी फर्म वा कम्पनी ) को विधान वा प्रवन्ध पत्र नियमावलीमा लघु उद्यम वा व्यवसाय विकास वा सीप विकास तालिम आय आर्जन क्षेत्रमा (कम्तिमा २ वर्ष कार्य अनुभव भएको) गर्ने उद्धेश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अवधि ३ वर्ष पुरा भएको ।

ग. संस्था नविकरण अद्यावधिक भएको ।

घ. मूल्य अभिवृद्धि करमा दर्ता भएको ।

ङ. आ.व २०७७/०७८को कर चुक्ता प्रमाणपत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो वार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण ।

च. संस्था कालोसुचिमा नपरेको स्वघोषणा पत्र ।

छ. आ.व २०७७/०७८ को लेखा परिक्षणको प्रतिवेदन ।

ज. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषद्मा दर्ता भएको र कम्पनीको हकमा सम्वन्धीत निकायबाट काम गर्ने ईजाजत पत्र भएको ।

झ. सम्वन्धीत संस्थाले उद्यमी सृजना वा सीप विकास तालिम प्रदान सम्वन्धी यस पूर्व गरेका कामहरुको विवरणहरु ।

ञ.सम्वन्धीत संस्थाको कार्यक्षेत्र तथा भौगोलिक उपस्थिति ।

ट. सम्वन्धीत संस्थामा आवद्ध जनशक्तिको अवस्था , क्षमता र समावेसीपन ।

ठ. सम्वन्धीत संस्थाको आर्थिक, भौतिक ,वित्तिय तथा प्राविधिक क्षमता ।

ड.सम्वन्धीत संस्थाको लैङिंक समानता र सामाजिक समावेसी सम्वन्धमा सम्वन्धीत संस्थाको उद्धेश्य ।

**प्रमुख प्रशासकिय अधिकृत**